# बारपाक सुलिकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ४ सङ्ख्याः १ मितिः २०७७०३११०**

**भाग-१**

**बारपाक सुलिकोट गाउँपालिका**
**गोरखा**

# बालअधिकार व्यवस्थित गर्ने ऐन - २०७७

**प्रस्तावनाः**

बारपाक सुलिकोट गाउँपालिकालाइ बाल मैत्री गाउँपालिकाको रूपमा स्थापित गराउने अभिप्रायले बालबालिकाको हक हितलाइ प्रवर्द्धन गर्ने घरपरिवार र समाजमा बालबालिकाप्रतिको दृष्टिकोणलाई सामाजिक रूपमा बाल अधिकार सम्बन्धी बिद्यमान संघिय कानून, प्रदेश कानून र नेपाल राज्य पक्ष भएको अन्तराष्ट्रिय सन्धि महासन्धि अभिसन्धिको भावना अनुरूप गरिने क्रियाकलापलाई व्यवस्थित रूपमा अगाडी बढाउन गाउँपालिकाको महŒवपूर्ण कार्य हो भन्ने तथ्यलाइ दृष्टिगत गर्दै वालअधिकार संरक्षण गर्ने आवश्यकतालाई पहिचान गर्ने सम्वद्ध क्षेत्रको समस्यालाइ न्यूनीकरण गर्दै जानु स्थानीय सरकारको मुलभूत कर्तव्य समेत हुँदा बाल अधिकार संरक्षणका क्षेत्रमा देखिएका चुनौतीलाई सहि ढंगले सम्वोधन गर्न आवश्यकता महसुस गरी बारपाक सुलिकोट गाउँपालिकाको सातौं गाउँ सभाबाट यो ऐन पारित गरी लागू गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भ :**

क) यो ऐनको नाम बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन, २०७७ रहनेछ।

ख) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ

ग) यो ऐन बारपाक सुलिकोट गाउँपालिका भर लागू हुनेछ।

**२. परिभाषा :**

विषय र प्रसङ्गले अन्य अर्थ नलागेमा यस ऐनमा,

क) बाल अधिकार भन्नाले बालबालीका ऐन २०७५ र यस ऐनमा व्यवस्थित अधिकारलाइ जनाउनेछ।

ख) महासन्धि भन्नाले बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९८९ लाइ जनाउनेछ।

ग) समिति भन्नाले दफा ३ बमोजिमको समितिलाई जनाउनेछ।

घ) संरक्षण अधिकारी भन्नाले यस ऐन बमोजिको संरक्षण अधिकारीलाइ जनाउनेछ।

ङ) गाउँपालिका भन्नाले बारपाक सुलिकोट गाउँपालिकालाइ जनाउछ।

च) अध्यक्ष भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्षलाइ जनाउँछ।

छ) बाल संरक्षण अधिकारी भन्नाले यस ऐनले बमोजिमको तोकिए बमोजिमको अधिकारीलाई जनाउनेछ।

ज) तोकए बमोजिम भन्नाले यस ऐन बमोजिमको नियमावली कार्यविधि निर्देशिका मापदण्ड लाइ जनाउनेछ।

झ) कार्यपालिका भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको गाउँ कार्यपालिकालाइ जनाउछ।

ञ) उपाध्यक्ष भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको उपाध्यक्षलाइ जनाउनेछ।

ट) प्रमुख प्रशासकीय अधिकृत भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ जनाउनेछ।

ठ) बालबालिका भन्नाले १८ वर्ष भन्दा कम उमेर पुगेका बालबालिकालाइ जनाउनेछ।

## परिच्छेद २
## बाल संरक्षण समिति सम्बन्धी व्यवस्था

३. **बाल संरक्षण समितिको गठन र कार्य सन्चालन विधि :** (१) वारपाक सुलिकोट गाउँपालिकामा देहाय बमोजिम एक बाल संरक्षण समिति रहनेछ।

क) गाउँपालिका अध्यक्ष - संयोजक
ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य
ग) जिल्ला बाल संरक्षण समितिको प्रतिनिधि - सदस्य
घ) बाल अधिकार क्षेत्रमा काम गर्ने गैह्र सरकारी संस्थाको एक जना प्रतिनिधि - सदस्य
ङ) वडा अध्यक्षहरू - सदस्य
च) कार्यपालिकाको महिला सदस्यहरू सदस्य
छ) बाल बालिका सम्बन्धी विषय हेर्ने गाउँपालिकाको शाखाको प्रमुख - सदस्य सचिव

४. **बाल संरक्षण अधिकारी सम्बन्धी व्यवस्थाः**

क) बाल संरक्षण समितिका काम कारवाही र निर्णयलाइ कार्यन्वयन गर्न एक जना बाल संरक्षण अधिकारी रहन्छन।

ख) बाल संरक्षण अधिकारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **बाल संरक्षण समितिको काम कर्तव्य अधिकार**

क) बालबालिकाको हक हित संरक्षण सम्बन्धी योजना तर्जुमा गरी कार्य पालिकामा पेश गर्ने गराउने
ख) संघिय र प्रादेशिक कानून अनुसार स्वीकृत बाल अधिकार सम्बन्धी शिक्षा नितिका कार्यक्रमहरू तयार गर्ने
ग) उपदफा क ख मा उल्लेख गरिएका योजना र कार्यक्रमलाइ लागू गर्न आवश्यक समयन्त्र तयार गर्ने
घ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्थाहरूको अभिलेख राख्ने अनुगमन र नियमन गर्ने

६. **बाल संरक्षण अक्षय कोषः**

क) असहाय, अपाङ्गता भएका वालवालिकाको पालन पोषण, सामाजिक सुरक्षा जस्ता कल्याणकारी कार्य गर्नको लागि एउटा कोष स्थापना गर्न सकिनेछ।

ख) कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

७. **बाल संरक्षण समितिको कार्यकाल सम्बन्धी व्यवस्था :** बाल संरक्षण समितिको कार्यकाल र गठन भएको मितिले दुइ वर्षको हुनेछ।

८. **नियम बनाउने अधिकार**

क) यस ऐनको उद्देश्य कार्यन्वयन गर्न आवश्यक नियमावली बनाउने अधिकार कार्यपालिकालाई हुनेछ।

९. **बाधा अड्काउ फुकाउः** यस ऐनको उद्देश्य कार्यन्वयन गर्न बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा हुनेछ।